# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश नेपाल


दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं २०७३

पत्र संख्याः- २०७६/०७७

चलानी नं:- ८१

मितिः- २०७६/४/१०

### विषय- सूचना ! सूचना ! ! सूचना ! ! !

उपर्युक्त सम्बन्धमा यस दक्षिणकाली नगरपालिका भित्र आ.ब. ०७७/०७८ को लागी जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने उमेर **(अन्य जेष्ठ नागरिकको हकमा नागरिकता प्रमाणपत्रमा २००७ फाल्गुन मसान्तसम्म जन्म मिति भई ७० वर्ष पुगेका व्यक्तिहरुले र दलित जेष्ठ नागरिकको हकमा नागरिकता प्रमाणपत्रमा २०१७ फाल्गुन मसान्तसम्म जन्म मिति भई ६० वर्ष पुगेका)** पुगेका व्यक्तिहरुले तपसिल बमोजिमका कागजात सहित आ-आफ्नो सम्बन्धित वडा कार्यालयमा २०७६ मंसिर १५ गते भित्र निवेदन पेश गर्नु हुन सबैमा जानकारी गराईन्छ । **साथै आ.ब. ०७७/०७८ सम्मको लागी मंसिर १५ गते पश्चात जेष्ठ नागरिक भत्ता प्राप्त गर्नका लागी कुनै पनि निवेदन दर्ता नहुने व्यहोरा समेत सबैमा जानकारी गराईन्छ ।**

साथै हालसम्म सामाजिक सुरक्षा भत्ता (जेष्ठ नागरिक (अन्य/दलित), बिधवा, एकल, पूर्ण अपाङ्ग, आंशिक अपाङ्ग र दलित बालबालिका) प्राप्त गरिरहनु भएका लाभग्राहीहरुले आ-आफ्नो **भत्ता निरन्तरताको लागी सम्बन्धित वडा कार्यालयमा गई नविकरणको लागी अनिवार्य फारम भर्न हुन** समेत सबैमा जानकारी गराईन्छ ।

**आवश्यक कागजातहरुः**

१. नागरिकता प्रमाणपत्र प्रतिलिपी - २ थान

२. पासपोर्ट साईजको फोटो - २ थान

.............................

घनश्याम न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८

Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

**आ.ब. २०७७/०७८ मा भत्ता प्राप्त गर्नका लागी यस आ.ब. २०७६/०७७ मा जेष्ठ नागरिकको फाराम भर्न योग्य उमेर तथा लागु हुने आ.ब. र चौमासिक विवरण**

| सा.सु.को किसिम | जन्म मिति (नागरिकता प्रमाणपत्र अनुसार) | निवेदन दिनु पर्ने मिति | लागु हुने आ.ब./किस्ता र मिति |
|---|---|---|---|
| जेष्ठ नागरिक (अन्य) | २००७ असार मसान्तसम्मको जन्म | २०७६ मंसिर १५ अगाडी (सम्बन्धित वडा कार्यालयमा) | २०७७/०७८ प्रथम किस्ताबाट (२०७७ श्रावण १ बाट लागु हुने) |
| | २००७ कार्तिक मसान्तसम्मको जन्म | " " " | २०७७/०७८ दोश्रो किस्ताबाट (२०७७ मंसिर १ बाट लागु हुने) |
| | २००७ फाल्गुन मसान्तसम्मको जन्म | " " " | २०७७/०७८ तेश्रो किस्ताबाट (२०७७ चैत्र १ बाट लागु हुने) |
| जेष्ठ नागरिक (दलित) | २०१७ असार मसान्तसम्मको जन्म | " " " | २०७७/०७८ प्रथम किस्ताबाट (२०७७ श्रावण १ बाट लागु हुने) |
| | २०१७ कार्तिक मसान्तसम्मको जन्म | " " " | २०७७/०७८ दोश्रो किस्ताबाट (२०७७ मंसिर १ बाट लागु हुने) |
| | २०१७ फाल्गुन मसान्तसम्मको जन्म | " " " | २०७७/०७८ तेश्रो किस्ताबाट (२०७७ चैत्र १ बाट लागु हुने) |